# उदयपुरगढी गाँउपालीका

## गाँउ कार्यपालीकाको कार्यालय उदयपुर

# आ.व. २०७६/७७ को वार्षिक समीक्षा

मितिः २०७७ पौष ६ गते

स्थान गाँउपालीकाको सभाहल


<u>प्रस्तुतकर्ता</u>
माधव सुवेदी
प्रमूख प्रशासकिय अधिकृत

# गत आ.व.२०७६।७७ को वजेटको समग्र

**सोच:**

आगामी तिन वर्ष भित्र उदयपुरगढी गाँउपालीकालाई विकसित,समृद्ध, सुन्दर र शान्त नमूना गाँउपालीका वनाउने दिर्घकालीन सोचका साथ वजेट तथा कार्यक्रम प्रस्तुत गरिएको

## लक्ष्य :

- ❖ पूर्वाधारको दिगो विकास मार्फत यस क्षेत्रको जनजीवनलाई सहज तुल्याउने ।
- ❖ कृषि उत्पादन वृद्धि गरी आत्मनिर्भरता तथा आपूर्तिमा सहजता तुयाउने ।
- ❖ शिक्षा क्षेत्रको संरचना तथा गुणस्तरमा सुधार ल्याउने ।
- ❖ पर्यटन क्षेत्रको संभावना पहिचान गरि विकासको प्रमुख पक्षको रुपमा अगाडी बढाउने ।
- ❖ व्यवस्थीत र आधुनिक वस्ती विकास गरी गुणस्तरीय वसोवास कायम गर्ने ।
- ❖ समाजिम आर्थिक विकास मार्फत जीवनको गुणस्तर कायम गर्ने ।
- ❖ स्थानीय सरकारको शासन तथा सेवा प्रवाहलाई आधुनिक र गुणस्तरीय वनाउने ।
- ❖ स्थानीय श्रोत , साधनको खोजी तथा दिगो उपयोग गर्ने ।
- ❖ गाउँपीलका र अन्तर्गतका वडाहरुमा संस्थागत क्षमता अभिबृद्धि गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउने ।

## उदेश्य :

- उदयपुरगढी गाँउपालीकाको , आर्थिक, सामाजीक तथा पूर्वाधार क्षत्रको विकास गरी जनतामा स्वरोजगारका अबसर सिर्जना गरी एक समृद्ध स्थानीय तह वनाउने ।

# समग्र नितिका आधारहरु

- ❖ जनताको चाहना, आबश्यकता र उपयुत्ततालाई आधार मानीएको ।
- ❖ आम जनताको तत्कालीन र दिर्धकालीन आश्यकताहरुलाई समेटिएको ।
- ❖ क्षेत्रगत योजना तथा कार्यक्रम वीच समन्वय गरीएको ।
- ❖ ठुला योजनाहरुलाई क्रमागत योजनाहरुको रुपमा छनौट गरीएको ।
- ❖ स्थानीय तह र केन्द्र सरकारको कार्यक्रम वीच समन्वयको प्रयास गरीएको ।


## अपेक्षीत उपलब्धी

- स्थानीय सडक, भवन, विद्युत, सञ्चार, कृषि, शिक्षा, लगायतका पूर्वाधारहरुको दिगो विकास भएको हुनेछ ।
- गाँउपालीकाको विकासको लागि यस वर्षको वजेटले विकासको आधारशिलालाई थप मजवुत वनाउने छ र तिव्र आर्थिक सामाजीक विकास भएको हुनेछ ।
- गाँउपालीका क्षेत्रको तत्कालीन आबश्यकता पूरा भएका हुनेछन भने दिर्धकालीन योजनाहरु बनेका हुनेछन ।
- स्थानीय साधन श्रोतहरुको खोजी भई दिगो उपयोग भएको हुनेछ ।
- लक्षीत बर्ग क्षेत्रका मानीसहरुको लागि सामाजीक सुरक्षाका कार्यक्रम सञ्चालन भएका हुनेछन ।
- पर्यटन क्षेत्रको विकास मार्फत आयस्तर बृद्धि भएको हुनेछ ।
- सामाजकि आर्थिक विकास तथा आधुनिक बस्ती विकास मार्फत नागरीकको जीवन स्तरमा सुधार भएको हुनेछ ।
- स्थानीय सरकारको सेवा प्रवाह सुशानमैत्रि भएको हुनेछ ।

# आ.व.२०७६।७७ को वजेटको समग्र अबस्थामा क्षेत्रगत

| आय तर्फ | रु. हजारमा | प्रतिशतमा |
|---|---|---|
| आर्थिक विकास तर्फ | ३०००० | ५.३२ |
| सामाजीक विकास तर्फ | ३४८५० | ६.१८ |
| पूर्वाधार विकास तर्फ | १६६६११.३ | २९.५६ |
| वन वातावरण तथा विपद ब्यबस्थापन तर्फ | १४२०० | २.५२ |
| सुशासन संस्थागत विकास तर्फ | १४९५० | २.६५ |
| चालु तर्फ | ८१४१८.७ | १४.४४ |
| संघवाट प्राप्त सशर्त अनुदान तर्फ | १७६६०० | ३१.३३ |
| सामाजीक सुरक्षा कार्यक्रमामा खर्च हुने | ४५०१८ | ७.९९ |
| जम्मा ब्यय तर्फ रु. | ५६३६४८ | १००.०० |

# प्रतिशत


आर्थिक विकास तर्फ
सामाजीक विकास तर्फ
पूर्वाधार विकास तर्फ
वन वातावरण तथा विपद ब्यबस्थापन तर्फ
सुशासन संस्थागत विकास तर्फ
5%
6%
30%
3%
3%
14%
31%
8%

# आ.व.२०७६।७७ को वजेटको समग्र खर्च अबस्था
## (वित्तीय समानिकरण तर्फको खर्च)

| समानीकरण वजेट ब्यय तर्फ | वजेट रु. हजारमा | खर्च रु. हजारमा | प्रतिशतमा |
|---|---|---|---|
| आर्थिक विकास | १८७९५.० | १६९९०.०३ | ९०.४ |
| सामाजिक विकास | ३३१५७.२ | २९९१०.४९ | ९०.२१ |
| पूर्वाधार विकास | ८५६४७.८ | ८२०४५.२४ | ९५.७९ |
| सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | १६७५०.० | १५४३०.६१ | ९२.१२ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | १५० | १४९.९४ | ९९.९ |
| जम्मा ब्यय तर्फ रु. | १५४५०० | १४४५२६.३१ | ९३.५४ |

# आ.व.२०७६।७७ को वजेटको समग्र खर्च अबस्था
## (शसर्त तर्फको खर्च)

| शसर्त वजेट ब्यय तर्फ | वजेट रु. हजारमा | खर्च रु. हजारमा | प्रतिशतमा |
|---|---|---|---|
| आर्थिक विकास | ३०२६०.० | ११९४६.७५ | ३९.४७ |
| सामाजिक विकास | १८०९७५.० | १६११९८२.१४ | ८९.५१ |
| पूर्वाधार विकास | २५१३ | २४४४.३४ | ९७.२७ |
| सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | ५२८ | ५२७.८७ | ९९.९८ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | ४९ | ४९ | १०० |
| जम्मा ब्यय तर्फ रु. | २१४३०७.० | १७७९५०.०९ | ८२.५६ |

# आ.व.२०७६।७७ को वजेटको समग्र खर्च अबस्था
## (अल्या र आन्तरीक श्रोत तर्फको खर्च)

| शसर्त वजेट ब्यय तर्फ | वजेट रु. हजारमा | खर्च रु. हजारमा | प्रतिशतमा |
|---|---|---|---|
| आर्थिक विकास | ९५५०.०० | ७४८०.३४ | ७८.३३ |
| सामाजिक विकास | २१९५६.५० | २००९५.७४ | ९१.५३ |
| पूर्वाधार विकास | ४००९३.५० | २०२७९.५३ | ५०.५८ |
| सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | ४८००.० | ४७५७.२३ | ९९.११ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | ५४००.० | ५३२४.४ | ९८.६ |
| जम्मा ब्यय तर्फ रु. | **८१८००.००** | **५७९३७.३१** | ७०.८२ |

# आ.व.२०७६।७७ को वजेटको समग्र खर्च अबस्था
# (राजश्व बाँडफाँड तर्फको खर्च)

| शसर्त वजेट ब्यय तर्फ | वजेट रु. हजारमा | खर्च रु. हजारमा | प्रतिशतमा |
|---|---|---|---|
| आर्थिक विकास | ५००.०० | ५००.०० | १०० |
| सामाजिक विकास | ७७६८.३० | ७३२५.२३ | ९४.३ |
| पूर्वाधार विकास | ११०००.०० | ५०३०.७३ | ४५.७३ |
| सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | १०८६४.१२ | ७८७७.१६ | ७२.५१ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | ७७४१८.७ | ६१३३७.७७ | ८२.३१ |
| जम्मा ब्यय तर्फ रु. | १०४६५१.१२ | ८२०७०.९६ | ७८.४२ |

# आ.व.२०७६।७७ को वजेटको समग्र खर्च अबस्था
# (प्रदेश समानीकरण तर्फको खर्च)

| शसर्त वजेट ब्यय तर्फ | वजेट रु. हजारमा | खर्च रु. हजारमा | प्रतिशतमा |
|---|---|---|---|
| आर्थिक विकास | ५१०५.० | ३२५७.५९ | ६३.८१ |
| सामाजिक विकास | २१३८.०० | २१३८.०० | १०० |
| जम्मा ब्यय तर्फ रु. | ७२४३.० | ५३९५.५९ | ७४.४९ |

# विषयगत क्षेत्र समिक्षा

**क) आर्थिक क्षेत्र :**

- साझेदारी अनुदानमा कृषि यान्त्रीकीकरण उपकरण लगायतका सामाग्री ७५ प्रतिशत अनुदानमा ( मिनिटिलर, पावर टिलर, थ्रेसर ) लगायतका सामाग्रीहरु वितरण गरीएको ।
- पकेट क्षेत्र मार्फत कृषि उपजहरुको उत्पादन तथा बजारीकरण कार्यक्रम समेत सम्पन्न गरीएको ।
- गाँउपालीकाको सवै वडाहरुमा वेमौसमी तरकारी उत्पादनको लागि विपन्न वर्गहरुलाई वडाको सहकार्यमा प्लाष्टिक टनेल वितरण गरि कृषि व्यबसायीकता तर्फ उन्मूख गरीएको ।
- वडा नं. १ को दलित बस्ती लक्षीत गरी व्यवसायीक रुपमा टिस्यु कल्चर प्रविधि मार्फत उत्पादन गरीएको उन्नत केरा खेति कार्यक्रमलाई अगाडी वढाईनूका साथै विभिन्न किसीमका तालीमहरु मार्फत कृषकहरुमा जनचेतनाको बृद्धि गराई आधुनिकता तर्फ अगाडी वढाईएको ।
- विउ बोका वितरण, गोठ सुधार, नस्ल सुधारका लागि लिक्वीड नाईट्रोजन निशुल्क उपलब्ध गराउने कार्यक्रम सञ्चालनमा रहेको ।
- दलित तथा जनजाती लक्षीत व्यवसायीक फलफूल विरुवा ७५ प्रतिशत अनुदानमा वितरण
- भ्यू टावर, पुरानो गढी संरक्षण, भुगोल पार्क संरक्षण, पञ्चावती मन्दीर संरक्षण र पर्यटकीय गेट निर्माण लगायत पर्यटकीय क्षेत्र निर्माण गर्दे गरेको ।
- सहकारी मार्फत आर्थिक बृद्धि र रोजगारी सीर्जना गर्न गाँउपालीकाबाट विभिन्न तालीम सञ्चालन गरीएको ।
- गाँउपालीका स्तरीय कृषि विकास रणनीति योजना निर्माण गरि लागु गरिएको ।

# ख) सामाजिक क्षेत्र

संघीय सरकारसगको सहकार्यमा सचालीत कार्यक्रम मार्फत शिक्षा तर्फ गाँउपालीका स्तरीय वालवालीकाहरुको प्रतिभा पहिचान कार्यक्रम । कक्षा ६ देखी ८ सम्मका २५ जना गणित विषय शिक्षकहरुलाई शिक्षण सिकाई सम्वन्धी तालीम संचालनका साथै कक्षा ८ को गाँउपालीका स्तरीय परीक्षा सन्चलन लगायतका विविध कार्यक्रमहरु सन्चालन गरीएको । :थानीय स्तरमा नमुना विद्यालय कार्यक्रम, विद्यालयहरुको मर्मत तथा सुधार कार्यक्रम, विषय शिक्षक तालिम, विद्यार्थी पुरस्कार, विद्यालय पुरस्कार कार्यक्रम आदी कार्य सम्पन्न भएको छ । स्वास्थ्य सेवा तर्फ वडा नं २ र ६ मा सामूदायीक स्वास्थ्य ईकाई स्थापना गरि संचालन गरि सकिएको । स्वास्थ्य केन्द्र चौकिहरुमा आवश्यक सामग्रीको व्यवस्थापन, स्वास्थ्य केन्द्रहरुको मर्मत । बहु क्षेत्रीय पोषण अन्तर्गत सुनालो हजार दिनका आमाहरुलाई वर्थिग सेन्टर मार्फत सुत्केरी महिलालाई गाँउपालीकाको पोषीलो उपहार वितरण कार्यक्रम संचालन गरी काम सम्पन्न गरिएको । सरसफाई घोषणाका लागि हाललाई गाँउपालीकाको केन्द्र लगायत विभिन्न वडामा फोहर संकलन ड्रम राखी फोहर व्यबस्थीत गर्ने कार्य भईरहेको । संस्कृति प्रवद्धन तर्फ वडा स्तरिय मठ मन्दिर, आदी निर्माण तथा मर्मत सम्भार कार्य सञ्चालनमा रहेको, खेलकुद तथा मनोरञ्जन तर्फ गा.पा स्तरिय खेलकुद मैदान निर्माण तथा मर्मत सम्पन्न भई सकेको अवस्था छ । विभिन्न खेलकुद विकास कार्यक्रम प्रवर्द्धनका लागि खेलकुद संचालन तथा व्यवस्थापन तर्फ वाट आर्थिक सहयोग, लगायतका खेलकुद क्लवलाई आर्थिक सहयोग उपलब्ध गराईएको छ। लैगिक समानता तथा समाजिक समावेशीकरण तर्फ महिला, आदिवासी जनजाती, दलित, अपांग, पिछडिएको जाती , जेष्ठ नागरिक, बाल सञ्जाल गठन गरी विभिन्न शशक्तिकरणका कार्यक्रमहरु जस्तै वाल विवाह न्यूनिकरण, वाल हिँसा तथा दुर्व्यवहार न्यूनिकरण लगायत महिलाहरुका लागि विभिन्न सिपमुलक तालीमहरु संचालन गरीएको ।

# ग) पुर्बाधार क्षेत्र

आ.व. २०७६।७७ को गाउँसभाबाट स्विकृत कार्यक्रम बमोजिम पुर्वाधार मध्ये पुरानो उदयपुरगढी  दरवारको पुन निर्माण भएको त्यसै गरि उदयपुरगढी भ्यू टावर, गा पा विल्डीड निर्माण,ट्रस्ट विल्डीग निर्माण, घट्टा गेर्खे भन्ज्याग सडक , चुरुम्फा सडक,पाँडे भन्ज्याङ्ग सडक, नेपालटार देखि गढी र कुर्कुनटार सडक ग्राभेल , माडसीडटार देखि उदयपुरगढी आउने सडक, हाडेवास सडक खण्ड लगाएत सडकहरुका ट्रयाकलाई स्तरोन्नती गर्ने तथा मोड सुधार गरी स्तरोन्नतीका काम सम्पन्न भएका छन्  भने वडा स्तरीय सडक पुर्वाधारहरु, वडा स्तरिय सिंचाई आयोजनाहरु  सम्पन्न भएका छन् ।

## घ) वन, बाताबरण तथा विपद व्यवस्थापन

आ.व. २०७६।७७ को गाउँसभाबाट स्विकृत कार्यक्रम बमोजिम वन वातावरण तर्फ बैजनाथ खोला नदि नियन्त्रण ,तावा, वलान कटान नियन्त्रण । नेपालटार वजारका लागी डम्पीग साईट निर्माण ,फोहोर मैला व्यवस्थापन कार्यक्रम सञ्चालनमा रहेको छ । दिगो विकास माटो व्यवस्थापनका लागि डिभिजन वन कार्यालयको सहकार्यमा फलफुलका विरुवा वितरण वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन भई रहेको छ । गाउँपालिकाको विभिन्न वडामा विपद लगायतका घटना पछी विपद व्यवस्थापन कोष मार्फत राहत दिने कार्य भएको थियो । यस गाउँपालिकामा संभावित विपद व्यवस्थापनका लागि एक विपद व्यवस्थापन कोषको व्यवस्था गरिएको छ । सो कोषबाट स्थानीय विपद व्यवस्थापन कार्यविधि बमोजिम हुनेगरी राहत उपलब्ध समेत गराईएको छ ।

# ङ) सुशासन तथा संस्थागत बिकास

यस गाउँपालिकामा सेवा प्रवाहका विषयमा प्रविधि मैत्री बनाउन आधारभूत संरचनाहरु तयार गरिदै लगिएको छ, गाउँपालिकाको डिजिटल प्रोफाइल तयार भई सकेको र आय लेखा प्रणालीलाई ब्यवस्थीत गर्न सफ्टवेयर मार्फत सबै वडामा काम भएको र खोलानालाबाट नदि जन्य पदार्थहरु निकाशीका लागी प्रारम्भीक वातावरणीय परिक्षाण कार्य सम्पन्न भई मदन भण्डारी राजमार्गलाई नदिजन्य पदार्थ विक्री गरिएको अवस्था रहेको छ तथा  गाउँपालिकाको वास्तविक तथ्याङ्कमा आधारित भएर डीजीटल भिलेज प्रोफयल वनाउने काम सम्पन्न गरी दिर्घकालिन सोच लक्ष्य र उद्देश्यका साथ पञ्चवर्षिय योजना तयार को क्रममा छ । त्यसै गरी स्थानिय तह शासन सञ्चालन र प्रर्वधन गर्न जनप्रतिनिधि तथा कार्मचारी हरु लाई सचेतना कार्यक्रम संचालन भईसकेको छ । स्थानीय राजश्वको स्रोत अनुमान तथा प्रर्वधनका लागि वडागतरुपमा छलफल तथा गोष्ठी संचालन भई सुझाव एकीकृत हुने क्रममा छ ।


# फोटोहरु





जालपादेपि मिश्रीत कृषक समुहद्धारा निर्माण गरिएको ( सिस्नेखोला मुहानगरि ठुलो खेत सिँचाई कुलो )

# फोटोहरु





उदयपुरगढी गाउँपालिका वाट निर्मित २०७६
मा.वि. भलायडाँडा कृषि फार्म ग्रिन हाउस


वडा नं. १ को तल्लो आहाले कृषक समुहमा
बनाईको प्लाष्टिक टनेल



वडा नं ५ को डुमीटारमा भईरहेको तरकारी खेति

# फोटोहरु







## स्वास्थ्य शाखाबाट सन्चालीत विभन्न कार्यक्रमहरु

# स्वास्थ्य कार्यक्रमका गतिविधिहरु











जनता अवि ध्वासेको नवनिर्मित भवन
लागत रु १६ लाख



# उपभोक्ता समितिवाट निर्मित पुरानो गढी



# पुरानो गढी पुन निर्माण कार्यक्रम
# लागत वजेट रु ७३ लाख ५० हजार




# उपभोक्ता समितिवाट निर्मित वतासे लिफ्टिग खानेपानी आयोजना लागत रु ४५ लाख




SHOT ON MI A1
MI DUAL CAMERA


अधेरी दलेपानी चुहाडेपानी
सडक निर्माण लागत रु १३
लाख
SHOT ON MI A1
MI DUAL CAMERA


ध्वासे नर्कटे साना सिँचाइ
आयोजना
लागत रु १२ लाख
SHOT ON MI A1
MI DUAL CAMERA


नर्कटे कारेन्टाईन स्थानीय र
गाँउपालिका साझेदारी

केही सुझाव एवं जिज्ञासा भए... उदयपुरगढी गाँउपालिकाको कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ।

धन्यवाद